फोन/फ्याक्स नं. : ४४६५३६२
इमेल: sahakaribivag@gmail.com

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
# सहकारी विभाग
नयाँ बानेश्वर, काठमाडौं
(..........................)

पत्र संख्या :- ०७९/८०
चलानी नं.:- २४६

मिति : २०७९।०५।१९

विषय : सहकारी संघ संस्थाहरुको एकीकरण सम्वन्धमा ।

श्री सबै सहकारी संघ संस्थाहरु,

सहकारी क्षेत्रमा हालै देखिएका समस्या समाधान गर्न सहकारी ऐन, २०७४ को दफा ८७, सहकारी नियमावली, २०७५ को नियम ३९ तथा सहकारी संस्थाको एकीकरण तथा विभाजन निर्देशिका, २०७७ बमोजिम सहकारी संघ संस्थाहरुको एकीकरणको कार्य प्रति यस विभागको ध्यानाकर्षण भएको छ । सहकारी संघ संस्थाहरुले एकीकरण गर्दा देहायका विषयहरुमा ध्यान दिनु हुन अनुरोध गरिन्छ :-

**देहाय**

(१) सहकारी ऐन, २०७४ को दफा ८७ र सहकारी नियमावली, २०७५ को नियम ३९ बमोजिमको प्रक्रिया,

(२) सहकारी संस्थाको एकीकरण तथा विभाजन निर्देशिका, २०७७ बमोजिमको प्रक्रिया,

(३) सहकारी ऐन, २०७४ को दफा ४१(२) बमोजिमको सहकारी संघ संस्थाहरु एकीकरण पश्चात हुन जाने पदाधिकारीहरुमा समावेशिता कायम सम्वन्धमा,

(४) सहकारी नियमावली, २०७५ को नियम ३९(३) बमोजिम वि.स २०४९ साल जेठ २ गते भन्दा अगाडी स्थापना भएका साझा सहकारी संस्थाहरुको एकीकरण गर्दा मन्त्रालयको पूर्व स्वीकृत लिनु पर्ने विषय,

(५) सहकारी संस्थाको एकीकरण तथा विभाजन निर्देशिका, २०७७ को दफा २३ बमोजिम तदर्थ समिति गठन गर्ने र दफा २४ बमोजिम तदर्थ समिति गठन भएको मितिले तीन (३) दिन भित्र सम्वन्धित नियामक निकायमा जानकारी पठाउने विषय ।

नोट: एकीकरणसंग सम्वन्धित विस्तृत विवरण जानकारीको लागि यसै साथ संलग्न गरिएको छ ।

२०७९।०५।१९
(मनुका घिमिरे)
कानून अधिकृत

## सहकारी संघ संस्थाहरुको एकिकरणका लागि आवश्यक योग्यता:-

- एकै प्रकृति वा विषयका संस्था हुनु पर्ने,
- एकै विषय वा प्रकृति का संस्था हुनुपर्ने वा फरक विषय वा प्रकृतिका भए तापनि मुलतः एकै विषयमा प्रतिस्पर्धा भएको हुनुपर्ने,
- कार्यक्षेत्र खप्टिएको वा जोडिएको हुनुपर्ने,
- एकीकरण आवश्यकताको पहिचान भई सदस्यहरुवाट माग भएको हुनुपर्ने वा संस्थाको, संयुक्त वैठकवाट एकिकरण सम्वन्धी निर्णय भएको हुनु पर्ने,
- अनुसुचि-२ वमोजिमको ढांचामा निवेदन दिएको हुनुपर्ने ।

## संस्थावाट एकिकरणका सन्दर्भमा अवलम्बन गर्नु पर्ने प्रक्रियाहरु:-

(क) पुर्व स्वीकृति प्राप्त गर्नु अगाडिका प्रक्रियाहरुः

- एकिकरण हुने दुई वा दुई भन्दा वढि संस्थाहरुका सवै समिति/उपसमिति तथा आवश्यकता अनुसार सवै संस्थाका सदस्यहरुको उपस्थितिमा संयुक्त वैठक वसी एकीकरणका विषयमा छलफल भई सहमति भएको माइन्यूट/निर्णय,
- संयुक्त वैठकले एकीकरणका लागि सर्त तथा कार्यविधि तयार पार्न वढिमा पाँच सदस्यीय संयुक्त कार्यदल निर्माण गरेको हुनुपर्ने । यसरी गठीत कार्यदललाई एकिकरण हुने प्रत्येक संस्थाको सञ्चालक समितिको वैठकवाट अनुमोदन गराएको हुनुपर्ने,
- संयुक्त कार्यदलले अनुसूची १ वमोजिमको सर्त तथा कार्यविधि ७ दिन भित्र तयार पारी एकीकरण हुने सवै संस्थाहरुमा पेश गरेको हुनुपर्ने,
- संयुक्त कार्यदलले तयार पारेको एकीकरणका सर्त तथा कार्यविधिलाई सवै संस्थाको सञ्चालक समितिवाट निर्णय गराई सवै संस्थाको साधारणसभावाट अनुमोदन गराएको हुनुपर्ने,
- एकिकरण कार्यको समय सिमा खुलाई प्रस्तावित Action Plan सहित सवै संस्थाको सञ्चालक समितिको निर्णयवाट प्रस्ताव पारित गरी एकीकरणको पूर्व स्वीकृतिका लागि विभागमा पेश गर्ने,

(ख) पुर्व स्वीकृति प्राप्त भए पश्चातका प्रक्रियाहरु:-

- एकिकरण हुने सबै संस्थाले आफ्नो सम्पत्ति र दायित्व तथा कारोवारको पछिल्लो अवस्थाको मूल्याकन गर्नु पर्ने भएमा मूल्याकनकर्ता नियुक्त गरी राय सहितको मूल्याकन प्रतिवेदन लिई दफा ८ (२) वमोजिमका विपयमा विस्तृत प्रभाव विश्लेपण भएको हुनु पर्ने,
- दफा ११ वमोजिमका विपय खुलाई एकिकरण हुने संस्था विच (आ-आफ्नो संस्थाको साधारणसभावाट एकिकरण सम्वन्धी कार्यको अख्तियार प्राप्त प्रतिनिधिहरुले हस्ताक्षर) गरेको एकीकरण सम्वन्धी सम्झौता पेश गर्नुपर्ने,

(ग) एकीकरणको अन्तिम स्वीकृति दिनु पूर्व विभागको स्वीकृति लिई गर्नुपर्ने कार्यहरु:

- एकीकरणसम्वन्धी गुनासो वा उजुरी माग गरी १५ दिने सूचना प्रकाशन गर्नुपर्ने,
- यस्तो सूचना १ जिल्ला भन्दा वढी कार्यक्षेत्र भएमा राष्ट्रिय र स्थानीय स्तरको पत्रिकामा एक पटक सूचना प्रकाशन गर्ने,
- १ जिल्ला भन्दा कम कार्यक्षेत्र भएमा राष्ट्रिय र स्थानीय स्तरको पत्रिका मध्ये एउटामा एक पटक सूचना प्रकाशन गर्ने,
- स्थानीय एफ. एम. रेडियोहरुवाट सूचना प्रशारण गराउने,
- विभाग, जिल्ला सहकारी संघ लि., विपयगत जिल्ला सहकारी संघ लि. र सम्वन्धीत संस्थाको सूचनापाटीमा समेत टाँस गर्न लगाउने ।

(घ) एकीकरणको अन्तिम स्वीकृति दिए पश्चातका कार्यहरु:

- मूल्याकनकर्ताको प्रतिवेदन, एकीकरणको सम्झौता सहित दफा १३ को (१) वमोजिम खुलाउनु पर्ने थप विपय समेत खुलाई अनुसूची–२ वमोजिम निवेदन पेश गर्नुपर्ने,
- प्राप्त कागजात, विवरण, निवेदन उपर छानविन गरी विभागले ३५ दिन भित्र सम्वन्धीत सस्थालाई एकीकरणको अन्तिम स्वीकृति दिने वा नदिने भन्ने विषयमा विभागले निर्णय लिने,
- एकीकरण सम्वन्धमा विभागले गरेको निर्णयका सन्दर्भमा अन्तिम पटक सार्वजनिक सूचना प्रकाशन गर्नुपर्ने ।